त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु

**सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार संचालन भएको M.Phil.Math विषय प्रथम वर्ष दोश्रो शत्र–२०७८ समूहको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार गणित केन्द्रीय विभाग, कीर्तिपुरमा अध्ययन अध्यापन भएको M.Phil.Math विषय **प्रथम वर्ष दोश्रो शत्र–२०७८ समूहको** नियमित तथा सोही शत्रको सो भन्दा अगाडीका समूहको आंशिक परीक्षाको परीक्षा आवेदन फाराम २०८० साल जेठ २८ गते सम्ममा वुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित केन्द्रीय विभागले फारामहरु रुजु गरी मिति २०८० साल जेठ ३० गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा वुझाउन पर्ने छ ।

१. **परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित केन्द्रीय विभागले ध्यान दिनु पर्ने कुराहरु :**

(क) परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।
(ख) आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आबेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टै लिष्ट पनि फाराम साथै पठाउनु पर्नेछ ।
(ग) आन्तरिक मूल्यांकनमा अनुत्तीर्ण विषयको परीक्षा फाराम नभराउने । यदी परीक्षा फाराम भरी परीक्षा दिएमा उक्त विषयको परीक्षा स्वतः रद्द हुनेछ ।
(घ) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subject wise-data) परीक्षा आवेदन फारामसाथ पठाउनु पर्नेछ ।

२. **परीक्षा शुल्क :**

| | |
|---|---|
| प्रति शत्र परीक्षा शुल्क पुरा | रु. २,०००।- |
| प्रति शत्र परीक्षा शुल्क आंशिक | रु. २,०००।- |

३. **विलम्व शुल्क :**

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले पहिलो हप्ता सम्म रु. २,०००।-

४. **परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्बन्धित केन्द्रीय विभागले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल वैंकको चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००००१ मा रकम जम्मा गरी पठाउनु पर्ने छ ।

**द्रष्टव्य :-**

* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सकेपछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैंले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।

सहायक डीन

मिति : २०८०।०२।१७